आज मिति २०६८।१२।२ गते प्रमुख जिल्ला अधिकारी श्री अर्जुन भण्डारी ज्यूको संयोजकत्वमा घरेलु तथा साना उद्योग विकास कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला स्थित सुरक्षा निकाय, स्थानीय तहका प्रतिनिधि, उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्च लगायतको उपस्थितिमा बजार अनुगमन तथा माग आपूर्ति व्यवस्थापन सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा बैठक बसी निम्न अनुसार निर्णय गरियो।

उपस्थिति :-

प्रमुख जिल्ला अधिकारी श्री अर्जुन भण्डारी
प्रमुख नायब उपरीक्षक श्री इन्द्र प्र. दुवेदी
प्रमुख अनुसन्धान अधिकृत श्री निरञ्जन घिमिरे
सशस्त्र प्रहरी निरीक्षक श्री अच्युतमणी अधिकारी
घ. तथा सा. उ. वि. का. प्रमुख श्री गोविन्द प्र. ज्ञवाली
को. ले. नि. का. श्री कृष्ण प्र. अधिकारी
स्वास्थ्य कार्यालय रसुवा श्री किरण श्रेष्ठ
गोसाईकुण्ड गा.पा. ६ को अध्यक्ष श्री दावा सिदार(लामा)
स. प्र. जि. अ. श्री सपना कुमारी भट्टराई
चे.अम.के. अध्यक्ष श्री संजीव अमात्य
उ. हि. सं. म अध्यक्ष श्री विश्व कुमार घले
उ. वा. संघ रसुवा अध्यक्ष श्री छुपवाङ तामाङ
ना. सु. श्री विष्णु रिमाल

निर्णय पछाडी पानामा राख गरिएको

६७

**निर्णय नं.१**

COVID-19 को संक्रमण संकटकालिन अबस्थामा जिल्लामा दैनिक उपभोग्य सामाग्रीमा हुन सक्ने कालाबजारी,कार्टेलिङ र सामाग्री अभाव संकटलाई मध्यनजर गरी जिल्लाका मुख्य बजारस्थलहरु टिमुरे,स्याफ्रुवेशी,धन्चे,राम्चे, ग्राङ, भोर्ले, जिवजिवे, बेत्रावती, पारच्याङ, सरमथली, मैलुङ, डाँडागाँउ, हाकु, थुमन, गोल्जुङ,चिलिमे,गत्लाङ, बृद्धिम, खाम्जिङ लगायतका स्थानको मौज्दात(Stock) अवस्था निरिक्षण गर्ने र स्टक सामाग्रीको बिक्री वितरणको अभिलेख नमुना अनुसार अभिलेखको व्यवस्थापन गर्ने सबै व्यवसायीहरुलाई आग्रह गर्ने ।

**निर्णय नं.२**

निर्णय नं.१ मा उल्लखित बजारस्थलको मिति २०७६/१२/३ देखी बजारको आपूर्ती, बिक्री र स्टक अवस्थाको विषय लगायतमा अनुगमन गर्ने। जिल्ला स्तरबाट २०७५ बमोजिम जिल्ला प्रशासन कार्यालय रसुवाको संयोजन तथा घरेलु तथा साना उद्योग कार्यालय र गोसाईकुण्ड गा.पा. वडा नं. ६ को समन्वयमा सरोकारवाला निकायको सहभागीतामा बजार अनुगमन गर्ने । साथै आ-आफ्ना पालिका अन्तर्गतका बजारस्थलहरुमा सम्बन्धीत गाँउपालिकाको नेतृत्व/संयोजनमा सम्बन्धीत निकायको सहभागीतामा बजार अनुगमनका लागी जिल्ला स्थित सबै गाँउपालिकालाई अनुरोध गर्ने ।